नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

प. सं.- ०८१/०८२ च.नं.

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५१

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, कोहलपुर, बाँकेमार्फत सुनको अवैध ओसारपसार गरी राजस्व चुहावट गरेको कसुरका सम्बन्धमा जिल्ला दाङ, घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने रंजित रसाइली विरुद्ध अनुसन्धान सम्पन्न गरी मिति २०८१/१२/०६ मा सम्मानित उच्च अदालत तुलसीपुर दाङमा अभियोगपत्र दायर गरिएको छ।

प्रतिवादी रंजित रसाइलीवाट बरामद भएको सुनको सम्बन्धमा अनुसन्धान गर्दा प्रतिवादीसँग सुन खरिद गरेको पुष्ट्याइँ गर्ने प्रमाणहरु नरहेको तथा प्रतिवादीले चोरी पैठारी गरी ल्याएको पुष्टि हुने देखिएकाले प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीतको कार्य गरी दफा ४(ख), ४(छ) र ४(झ) बमोजिमको कसुर गरेकोले उक्त कसुरमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रु. ७१,८३,१६३ (अक्षेरेपी एकहत्तर लाख त्रियासी हजार एक सय त्रिसठ्ठी मात्र) बिगो कायम गरी प्रतिवादीलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) बमोजिम बिगो जफत हुन र बिगोको शतप्रतिशत जरिवाना रु. ७१,८३,१६३ (अक्षेरेपी एकहत्तर लाख त्रियासी हजार एक सय त्रिसठ्ठी मात्र) गरी कुल रु. १,४३,६६,३२६ (अक्षेरेपी एक करोड त्रिचालीस लाख छैसठ्ठी हजार तीन सय छवीस मात्र) तथा ऐ. ऐनको दफा २३(१)(क) बमोजिमको हदैसम्मको सजायको मागदावी लिई सम्मानित उच्च अदालत तुलसीपुर, दाङमा अभियोगपत्र दायर गरिएको छ ।

२०८१/१२/०७

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता